# मण्डनदेउपुर नगरपालिका

## स्थानीय राजपत्र

खण्ड २ | मण्डनदेउपुर, भदौ १० गते, २०७५ साल | संख्या ९

# भाग २

# स्थानीय विपद् जोखिम न्युनिकरण व्यवस्थापन कार्यविधि, २०७४ मा संसोधन

कार्यपालिकाबाट स्वीकृत मितिः २०७५।४।२७

प्रमाणिकरण मिति २०७५।५।५

स्थानीय विपद् जोखिम न्युनिकरण व्यवस्थापन कार्यविधि, २०७४ लाई संसोधन गर्न वाञ्छनिय भएकोले मण्डनदेउपुर नगर कार्यपालिकाले आफ्नो अधिकार प्रयोग गरि देहायका नियमहरु बनाएको छ ।

१. संक्षीप्त नाम र परिभाषा : (१) यो नियमको नाम “स्थानीय विपद् जोखिम न्युनिकरण व्यवस्थापन (पहिलो संसोधन) कार्यविधि, २०७४ ” रहेको छ । (२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. स्थानीय विपद् जोखिम न्युनिकरण व्यवस्थापन कार्यविधि, २०७४ को बुँदा ६ मा संसोधनः स्थानीय विपद् जोखिम न्युनिकरण व्यवस्थापन कार्यविधि, २०७४ ( यस पछि मुल नियमावली भनिएको) को बुँदा ६ को (१) बुँदा ६.१.(क) को सट्टामा “ पशु क्षती भएमाः- भैंसीको (पाडो,पाडी र थारो) भएमा रु १० हजार, सुंगुर बुंगुर भएमा रु २ हजार, बाखाको रु १५०० राहत रकम दिने” भन्ने राखिएको छ । (२) बुँदा ६.१.(ख) को सट्टामा “ घाइतेलाइ अप्रेशन गर्नु परेमा रु १० हजार राहत रकम दिने ” भन्ने राखिएको छ ।

(३) बुँदा ६.१.(ग) को सट्टामा “ पुर्ण घर क्षति भएमा रु १५ हजार राहत रकम दिने” भन्ने राखिएको छ ।

(४) बुँदा ६.१.(घ) को सट्टामा “ मानविय क्षति भएमा रु २५ हजार उपलब्ध गराउने” भन्ने राखिएको छ ।

(५) बुँदा ६.१.(च) मा “ विपदमा परि उपचार गर्न अस्पताल जानु परेका वखत नगरपालिकाको एम्बुलेन्स निशुल्क उपलब्ध गराउने” भन्ने थपिएको छ ।

(६) बुँदा ६.१.(छ) मा " विपदमा परि सामान्य घाईते भई नगरपालिकाको एक्बुलेन्स प्रयोग गरेमा रु ५ हजार राहत उपलब्ध गराउने" भन्ने थपिएको छ ।

(७) बुँदा ६.१.(ज) मा " विमा भएको पशु चौपायाको लागि कुनै पनि राहत उपलब्ध गराईने छैन" भन्ने थपिएको छ ।

आज्ञाले,
(मोहन अधिकारी)
प्रमुख प्रशासकीय अधिकृत

## आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ मा संसोधन

कार्यपालिकाबाट स्वीकृत मितिः २०७५।४।२७
प्रमाणिकरण मिति २०७५।५।५

आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ लाई संसोधन गर्न वाञ्छनिय भएकोले मण्डनदेउपुर नगर कार्यपालिकाले आफ्नो अधिकार प्रयोग गरि देहायका नियमहरु बनाएको छ ।

१. संक्षीप्त नाम र परिभाषा : (१) यो नियमको नाम " आकस्मिक कोष संचालन तथा व्यवस्थापन ( पहिलो संसोधन) कार्यविधि, २०७४ " रहेको छ । (२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ को बुँदा ४ मा संसोधनः आकस्मिक कोष संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ ( यस पछि मुल नियमावली भनिएको) को बुँदा ४ को (१) बुँदा ४ को " ............ प्राकृतिक प्रकोपको हकमा प्रकृति हेरी कार्यपालिकाको निर्णय बमोजिम एक घटनामा प्रति परिवार, व्यक्ति वा संस्थालाई पुनस्थापना स्वरुप बढीमा रु १५००० सम्म प्रदान गर्न सकिने............. " भन्ने व्यवस्थाको सट्टामा " .......बढीमा रु २५ हजार सम्म प्रदान गर्न सकिने............. " भन्ने वाक्यांश राखिएको छ ।

(२) सोहि बुँदाको " मण्डनदेउपुर नगरपालिका स्थानिय विपद जोखिम न्यूनिकरण कार्यविधि २०७५ मा व्यवस्था भएकोमा तपशिलका विषयमा निम्न बमोजिम हुनेछ । " भन्ने व्यवस्था स्थानीय विपद् जोखिम न्युनिकरण व्यवस्थापन (पहिलो संसोधन) कार्यविधि, २०७४ बमोजिम हुनेछ ।

आज्ञाले,
(मोहन अधिकारी)
प्रमुख प्रशासकीय अधिकृत